# टक्सार पिखुवाखोला हाईड्रोपावर लिमिटेड

## खिचापोखरी, काठमाडौं

## निर्वाचन अधिकृतको कार्यालय

## निर्वाचन कार्यक्रमको सूचना

## (प्रकाशित मिति २०८३।०६।२१)

टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेडको मिति २०८३।०६।३० गते शुक्रबारका दिन रामालय इभेन्ट भेन्यु, धापासी मार्ग, बाँसबारी, काठमाडौंमा सम्पन्न हुने छैठौं साधारण सभा एवं निर्वाचनको लागि टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेडको नियमावली, २०७८(संशोधन, २०८१ सहित) बमोजिम वार्षिक साधारण सभा एवं कम्पनीको संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व हुने गरी ३ (तीन) जना र सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व हुने गरी २(दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने कार्यक्रम रहेको हुनाले सो प्रयोजनका लागि टक्सार पिखुवाखोला हाइड्रो पावर लिमिटेडको सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका २०८३ को दफा ४ (१) अनुसार तपसिल बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रम | मिति | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १ | मतदाता नामवली प्रकाशन | २०८३।०६।२१ | ११:०० | - | कम्पनीको रजिष्टर्ड कार्यालय,का.म.न.पा. वडानं. २२, खिचापोखरी, काठमाडौं। | |
| २ | मतदाता नामावली उपर दावी बिरोध | २०८३।०६।२२ | १०:०० | ५:०० | ऐ. ऐ. | |
| ३ | मतदाता | २०८३।०६।२३ | १०:०० | ३:०० | ऐ. ऐ. | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नामावलीमा दावी बिरोध उपर जाँचबुझ एवं निर्णय | | | | | |
| ४ | मतदाताको अन्तिम नामावली प्रकाशन | २०८३।०६।२५ | ४:०० | - | ऐ.ऐ. | |
| ५ | उम्मेदवारको मनोनयन पत्र दर्ता | २०८३।०६।२६ | १०:३० | ५:०० | ऐ. ऐ. | |
| ६ | उम्मेदवारको नामावली प्रकाशन | २०८३।०६।२७ | १०:०० | - | ऐ. ऐ. | |
| ७ | उम्मेदवारी उपर दावी बिरोध | २०८३।०६।२७ | ११:०० | ५:०० | ऐ. ऐ. | |
| ८ | निर्वाचन प्रतिनिधि (प्रोक्सी) नियुक्तिको फारम निर्वाचन अधीकृतलाई बुझाउने | २०८३।०६।२८ | - | ११:०० बजे भित्र | ऐ. ऐ. | |
| ९ | उम्मेदवारको मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गरी नामावली प्रकाशन | २०८३।०६।२८ | १०:०० | - | ऐ.ऐ. | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने | २०८३।०६।२८ | ११:०० | ५:०० | ऐ. ऐ. | |
| ११ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३।०६।२९ | १०:०० | - | ऐ. ऐ. | |
| १२ | मतदान | २०८३।०६।३० | ००:०० | ००:०० | रामालय इभेन्ट भेन्यू, धापासी मार्ग, बाँसबारी, काठमाडौं। | |
| १३ | मत गणना | मतदान कार्य समाप्त भएपछि। | मतदान सम्पन्न भए पश्चात निर्वाचन अधीकृतले तोकिए बमोजिम | ऐ. ऐ. | | |
| १४ | निर्वाचन परिणाम घोषणा | मतगणना कार्य समाप्त भएपछि। | मतगणना सम्पन्न भए पश्चात निर्वाचन अधीकृतले तोकिए बमोजिम | ऐ. ऐ. | | |
| १५ | शपथ ग्रहण र प्रमाणपत्र वितरण | निर्वाचन परिणाम घोषणा भएपछि। | निर्वाचन परिणाम घोषणा पश्चात निर्वाचन अधीकृतले तोकिए बमोजिम | निर्वाचन अधीकृतले तोकिए बमोजिम। | | |

नोट :

१. निर्वाचनमा मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले यही कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नेछ। प्रतिनिधि नियुक्त हुने शेयर धनीले सभा शुरु हुनु भन्दा ४८ घण्टा अर्थात २०८३।०६।२८ गते बिहान ११ बजे अगावै प्रतिनिधि पत्र (प्रोक्सी) फारम कम्पनीको केन्द्रीय कार्यालय रहेको स्थान का.म.न.पा. वडा नं. २२, खिचापोखरी, काठमाडौं स्थित निर्वाचन अधिकृतको कार्यालयमा बुझाई सक्नु पर्ने छ।

२. नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले मतदान सक्नेछन्।

३. संस्थापक शेयरधनीहरुबाट ३ (तीन) जना सञ्चालकहरुको निर्वाचनको लागि संस्थापक शेयरधनीहरुले मात्र र सर्वसाधरणबाट २ (दुई) जना सञ्चालकहरुको निर्वाचनको लागि सर्वसाधारण शेयरधनीहरुले मात्र आ-आफ्नो समूह तर्फ मतदान गर्न सक्नेछन्।

४. मतदान गर्न वा उम्मेदवारी दिन आउँदा शेयर होल्डरको नामावलीमा भएको नामसंग मेल खाने गरी फोटो सहितको परिचय खुल्ने सरकारी निकायबाट जारी गरिएको आधिकारीक परिचय पत्र साथमा लिई आउनु पर्ने छ । लेखाईमा सामान्य त्रुटी भई तात्विक भिन्नता नपर्ने गरी भएको नामलाई मान्यता दिइनेछ।

५. मतदान कक्षमा मतदाताले मोबाईल तथा क्यामेरा एवं कुनै पनि प्रकारका हात हतियार, विस्फोटक पदार्थ एवं नेपाल सरकारद्वारा प्रतिबन्धित एवं धारिला चीज बस्तु लैजान निषेध गरिएको छ ।

६. विशेष परिस्थिति उत्पन्न हुन गएमा अध्यक्षको परामर्शमा आवश्यकता अनुसार निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम हेरफेर गर्न सक्नेछ ।

७. कम्पनीका सञ्चालकहरुको निर्वाचन सम्बन्धी अन्य व्यवस्था कम्पनी ऐन,२०६३; कम्पनी निर्देशिका,२०७२(संशोधन सहित); टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेडको नियमावली,२०७८ (संशोधन,२०८१ सहित); टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेडको निर्वाचन सम्बन्धी निर्देशिका,२०८३ बमोजिम हुनेछ।

८. निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृतले गरेको निर्णय अन्तिम हुनेछ।

९. निर्वाचन सम्बन्धमा थप केही बुझ्न परेमा सम्पर्क नं. 01-4229666 मा सम्पर्क गर्न सक्नु हुनेछ।

..........................

(अधिवक्ता राजन नेपाल)

निर्वाचन अधिकृत

मिति : २०८३।०६।२१